नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि दरखास्त आव्हान सम्बन्धी

सूचना

मितिः २०७६।०७।०८

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिका लागि देहाय अनुरुपको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा गृह मन्त्रालयको विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा, सिंहदरबारमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आव्हान गरिन्छ। उम्मेदवारले दरखास्त साथ दरखास्त दस्तूर वापत रु. ५,०००।- (रुपैंया पाँच हजार) मात्र एभरेष्ट बैंक लि., सिंहदरबार, काठमाण्डौंमा रहेको राजश्व खाता नं. ००१००१०६२०००००, राजश्व संकेत नं. १४२२९ र कार्यालय कोड ३१४००३५०१ (गृह मन्त्रालय) मा जम्मा गरेको सक्कल भौचर पेश गरेको हुनु पर्ने छ । उम्मेदवारले दरखास्त बुझाउँदाको समयमा प्राधिकरणको प्रभावकारी संचालनद्वारा निर्धारित उद्देश्य परिपूर्ति गर्ने र प्राधिकरण संचालनार्थ नेतृत्वदायी भूमिका खेल्ने सम्बन्धी नेपाली अथवा अंग्रेजी भाषामा A4 साइजको कागजमा एकतर्फ मात्र टाइप गरिएको बढीमा तीन हजार शब्द भएको सोचपत्र (Vision Statement) र बढीमा दश हजार शब्द भएको पाँच वर्षे व्यवसायिक कार्ययोजना (Five-Year Business Plan) लाई खामभित्र राखी खामको बाहिरपट्टी कार्यकारी प्रमुखको पदको सोचपत्र र पाँच वर्षे व्यवसायिक कार्ययोजना लेखी सिलबन्दी गरी पेश गरेको हुनुपर्नेछ । उम्मेदवारले पेश गर्नुपर्ने दरखास्त फाराम गृह मन्त्रालयको विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा, सिंहदरबारबाट कार्यालय समयमा निःशुल्क प्राप्त गर्न सकिनेछ ।

उम्मेदवारको लागि निर्धारित योग्यता तथा शर्तहरु

प्रचलित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा उल्लेख भएको न्यूनतम शैक्षिक योग्यता र सो बाहेकका अतिरिक्त विषयमा प्राधिकरणको कार्यकारी प्रमुख पदमा नियुक्तिको लागि दरखास्त दिने उम्मेदवारको देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधी प्राप्त गरेको,

(ग) दरखास्त दिने अन्तिम मितिमा उमेर पैंतीस वर्ष पुरा भई साठी वर्ष ननाघेको,

(घ) विपद् व्यवस्थापनको क्षेत्रमा अधिकृतस्तर वा सोभन्दा माथिल्लो स्तरमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(च) राजनैतिक दल वा सङ्गठनको सदस्यता नलिएको,

(छ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको वा बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा सरकारलाई बुझाउनुपर्ने कर, बक्यौता बाँकी नरहेको ।

सोचपत्र, व्यवसायिक कार्ययोजना एवम् दरखास्त दस्तुर बापतको सक्कल भौंचरको साथै उम्मेदवारले दरखास्त साथ अनिवार्य रुपमा देहाय अनुसारका कागजातहरु संलग्न गरेको हुनुपर्नेछ :

(क) उम्मेदवार स्वयंबाट प्रमाणित नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,

(ख) उम्मेदवार स्वयंबाट प्रमाणित एस.एल.सी. देखि माथिका सबै शैक्षिक योग्यताका प्रमाणपत्र, अनुभवसम्बन्धी प्रमाणपत्र र विपद् व्यवस्थापन वा व्यवस्थापन वा जनप्रशासन वा सूचना प्रविधि सम्बन्धी कम्तिमा ३० कार्य दिवसको अधिकृतस्तर वा व्यवस्थापकीय तहको तालिम लिएको भए तत्सम्बन्धी प्रमाणपत्रहरुको छायाँप्रति,

(ग) उम्मेदवार हाल कुनै संघ/संस्थामा कार्यरत रहेको भएमा विभागीय स्वीकृति पत्रको सक्कल प्रति,

(घ) सम्बन्धित उम्मेदवारको स्वप्रमाणित व्यक्तिगत विवरण,

(ङ) यस पदको लागि माथि उल्लेख गरिए बमोजिम निर्धारित योग्यता तथा शर्तहरु अन्तर्गतको बुँदा "च" र "छ" अनुसारको उम्मेदवारद्वारा स्वहस्ताक्षरित घोषणापत्र ।

पुनश्चः

१. दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।
२. स्वीकृत भएका दरखास्तहरु सम्बन्धी सूचना र त्यसपछिका प्रक्रियागत कार्यक्रमहरु गृह मन्त्रालयको वेभसाइट (http://www.moha.gov.np) मा प्रकाशित गरिनेछ।
३. अन्तर्वार्ताका लागि छनौट गरिएका उम्मेदवारहरुले दरखास्तसाथ पेश गरेका प्रमाणपत्र तथा कागजातहरुको सक्कल प्रति व्यक्तिगत अन्तर्वार्ता पूर्व पेश गर्नु पर्नेछ।
४. यस सूचनाका सम्बन्धमा कुनै थप जानकारी आवश्यक परेमा गृह मन्त्रालय, विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा, सिंहदरबारमा सम्पर्क राख्न सकिनेछ।
५. कुनै उम्मेदवारले झुट्टा कागजात पेश गरेको फेला परेमा सिफारिस समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।
६. यस पदको लागि यस पूर्व मिति २०७६।०५।१९ र मिति २०७६।०६।०३ मा प्रकाशित सूचना बमोजिम प्राप्त भएका स्वीकृत दरखास्तहरु यस प्रयोजनको लागि यथावत कायम गरिएका छन् ।